# दलित अधिकारका लागि काठमाडौं बडापत्र
# २०६४

## प्रस्तावना :

हामी नेपाली दलितहरु, हिन्दू, सामन्तवादी वर्णव्यवस्थामा आधारित राज्यव्यवस्थाले दलित समुदायलाई राज्यका राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिकलगायतका सबै क्षेत्रमा वञ्चितिकरणमा पारेको तथ्यलाई ठहर गर्दै, नेपाली समाजमा विद्यमान जातीय छुवाछूत र सबैखाले विभेदहरुको समूल अन्त्य गरी समातामुलक समाज निर्माण गर्ने अभिलाषाका साथ दलितहरुको नेतृत्व र दलित समुदायसमेतको उलेख्य सहभागितामा नेपालको हरेक लोकतान्त्रिक आन्दोलन, संघर्ष र क्रान्तिहरु १९ दिने ऐतिहासिक जनआन्दोलन २०६२/६३ मा दलित समुदायको सहभागिता, वलिदानीपूर्ण संघर्ष र वीर शहिदहरुको शहादतप्रति गौरव र सम्मानसाथ स्मरण गर्दै, सयुक्त राष्ट्रसंघको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक र राजनैतिक अधिकारको प्रतिज्ञापत्र १९६६, सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार प्रतिज्ञापत्र १९६६, सबै प्रकारका जातीय विभेद उन्मूलन सम्वन्धी अन्तर्राष्ट्रिय भेदभाव उन्मूलन अभिसन्धि १९७९, वाल अधिकार सम्वन्धी महासन्धि १९८९, दासत्व महासन्धि १९२६ र यातना विरुद्धको महासन्धि तथा महिला हिंसा विरुद्धको संयुक्त राष्ट्रसंघीय प्रस्ताव १३२५ ले प्रदत्त गरेको मानव अधिकारका प्रावधानहरु दलितका अधिकार भएको र ती अधिकारहरु दलितहरुको हकमा कार्यान्वयन नहुनु र जातीय भेदभाव र छुवाछुतका घटनाहरु निरन्तर घटिरहनुको स्थितिलाई दलित मानव अधिकारको चरम उलंघन भएको बिष्लेषण गर्दै गम्भीरताका साथ लिँदै, नेपालमा भएका राजनीतिक परिवर्तन र त्यसवाट प्राप्त उपलव्धीलाई व्यवस्थित गर्दै लैजाने क्रममा भएका नेपाल अधिराज्यको संविधान २०४७, प्रतिनिधिसभाको सार्वजनिक घोषणा २०५८, वाह्र वुँदे समझदारी र वृहत शान्ति सम्झौता तथा हालसम्म भएका संपूर्ण घोषणा, सम्झौता तथा सहमतिहरु र नेपालको अन्तरिम संविधान २०६३ ले अङ्गीकार गरेको समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात गर्दै, कानूनको दृष्टीमा सबै समान, कसैले कसैलाई जातका आधारमा भेदभाव गर्न नपाईने नयाँ मुलुकी ऐन २०२०, नेपाल अधिराज्यको संविधान २०४७ एवं नेपालको अन्तरिम संविधान २०६३ को संवैधानिक ब्यबस्था र महान जनआन्दोलन २०६२/२०६३ द्वारा पुर्नस्थापित प्रतिनिधिसभाद्वारा गरिएको २०६३ जेष्ठ २१ को “छुवाछूतमुक्त राष्ट्र घोषणा” को राष्ट्रिय संकल्पको बावजुद दलित समुदायमाथि भएका छुवाछूत र जातीय भेदभावका घटनाहरुको निरन्तरताको घोर निन्दा र भर्त्सना गर्दै, छुवाछूत र जातीय भेदभावको पूर्ण अन्त्य गरी दलित समुदायलाई पनि राष्ट्रिय जीवनका सम्पूर्ण क्षेत्रमा भूमिका निर्वाह गर्न सक्षम बनाई उनीहरुको सशक्तिकरण र समूचित बिकासका लागि उपलब्ध ऐन कानून एवं नीति नियमको अधिकतम कार्यान्वयन र आवश्यक ऐन कानून एवं नीति नियमको अबिलम्ब निर्माण गरिनुपर्ने कुरामा बिश्वस्त रहदै, हामी दलिहरुलाई आफ्नो साशन आफै गर्न पाउने र आफूमाथि आफ्नो पूर्ण नियन्त्रण रहने लोकतान्त्रिक अधिकार निहीत रहेको, समाज र राज्यमा हाम्रो अत्यन्त महत्वपूर्ण जिम्मेवारी र भूमिका छ तर हामीलाई

उक्त अवसरबाट बलात बञ्चित गरिएकोले राज्य संयन्त्रका सम्पूर्ण निकायमा समानुपातिक प्रतिनिधित्व हुनु दलितहरुको लोकतान्त्रिक अधिकार भएको उद्घोष गदै, दलितका नागरिक अधिकारको रक्षा र सामाजिक न्यायको प्रत्याभूति गर्दै दलित समुदायको उत्थान र

सर्वाङ्गिण बिकासको उद्देश्यले क्रियाशील दलितका सामाजिक संघ संगठन, जनवर्गीय संगठन र जातीय संघ संगठनहरुको बीचमा सार्थक एवं सौहार्द सहकार्य निरन्तर हुनुपर्नेमा पूर्ण बिश्वास राख्दै, विद्यमान बिभेदपूर्ण मूल्य, मान्यता, ब्यवहार र नीति, नियमहरुको समूल अन्त्य गर्न मद्दत गर्ने स्वास्थ्य, शिक्षा, सञ्चार, राजनीति, अर्थ, रीतिरीवाज, पारिवारिक एवं वैवाहिक जीवन, धर्म, संस्कृति जस्ता जीवनका महत्वपूर्ण क्षेत्रलाई सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार साथै राजनैतिक तथा नागरिक अधिकारका पक्षबाट बिष्लेशण गरी मानव अधिकार एवं सामाजिक न्यायका दृष्टिकोणबाट आत्मसात गर्दै र, राज्य पुनर्संरचना र संविधानसभामा दलितको सहधागिता सम्बन्धि सुदूर पश्चिमाञ्चलको डडेलधुरा, मध्य पश्चिमाञ्चलको दाङ्ग, पश्चिमाञ्चलको पोखरा, मध्यमाञ्चलको वीरगञ्ज र पुर्वाञ्चलको धरानमा सम्पन्न क्षेत्रीय दलित सम्मेलनहरुवाट प्राप्त निष्कर्षहरुको मध्यनजर गर्दै, देशका ७५ जिल्लाका करिव तीन सय सहभागीहरुको

सहभागितामा २०६४ मंसिर २६ देखि २८ सम्म ललितपुरको गोदावरीमा सम्पन्न राष्ट्रिय दलित सम्मेलनवाट पारित र अनुमोदित निम्न मागहरु राज्यको पुनर्संरचना र नयाँ संविधान निर्माणको प्रक्रियामा लागू गर्न हामी दलितहरु भबिष्यमा गठन हुने संबिधानसभासमक्ष निम्न बमोजिमका मागहरुसहित यो काठमाडौं दलित बडापत्र २०६४ जारी गर्दछौं । राज्यको पुनर्संरचना र दलितको सहभागिताः

१. राज्य संरचनाका सम्पूर्ण निकायहरुः संबैधानिक, कानूनी वा निर्बाचित एबं मनोनित पदहरुमा दलितको जनसंख्यको अनुपातमा समानुपातिक प्रतिनिधित्वको संबैधानिक एबं कानूनी प्रत्यभूति गरिनु पर्दछ

२. राज्यको साशकीय पद्धतिमा आमूल परिवर्तन गर्दै प्रशासनिक क्षेत्रको पुनर्संरचना गरी सुरक्ष निकाय तथा कर्मचारीतन्त्र (सरकारी तथा सरकारी स्वामित्वमा सञ्चालित समेतमा) सम्पूर्ण निकायहरुमा दलित समुदायलाई समानुपातिक समावेशीकरणको सुनिश्चितताकोलागि बिशेष अधिकार सहितको आरक्षणको व्यवस्था गरिनुपर्दछ ।

३. राज्यका जनप्रतिनिधिमूलक, संवैधानिक, कानूनी तथा अन्य सबै निकायहरुमा दलित समुदायको जनसंख्याको आधारमा अनिवार्यरुपमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनु पर्दछ ।

४. दलित समुदायको यथार्थ जनसंख्याको गणनागर्न एक स्वतन्त्र र सक्षम निकायको स्थापना गरि तुरुन्त जनगणना गरिने ब्यबस्था गरिनु पर्दछ ।

५. राज्यका सम्पूर्ण निकायमा दलित समुदायलाई कार्यपालिका, ब्यबस्थापिका, न्यायपालिका एवं संवैधानिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउने प्रावधानहरु प्रभावकारी रुपमा लागू गर्न संविधानमा नै स्पष्ट उल्लेख गरिनुपर्दछ ।

६. नेपालको अन्तरिम संविधान २०६३ को धारा २१ ले समानुपातिक प्रतिनिधित्वको सिद्धान्त प्रदत्त गरिसकेको परिप्रेक्ष्यमा दलितको हकमा प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ ।

७. संघीयराज्यको निर्माणगर्दा दलितहरुको लागि बेग्लै राज्यको निर्माण सम्भव नभएकोले संघीय राज्यप्रणालीमा दलित समुदायका आर्थिक, राजनैतिक, प्रशासनिक र सामाजिक सांस्कृतिक समस्यालाई समाधान गर्ने समानुपातिक प्रतिनिधित्वसहितको बिशेष नीति, राष्ट्रिय संविधानमा नै व्यवस्था गर्नुपर्दछ ता की दलित समुदाय संघिय राज्य प्रणलीबाट उपेक्षीत हुने छैनन । यसैगरि स्वायत्त प्रदेशहरुले राष्ट्रिय संविधानमा भएको यस्तो संरक्षकत्व व्यवस्था कटौती गर्न नपाइने तर बढोत्तरी गर्न पाउने व्यवस्था गरिनुपर्दछ ।

८. संघीय प्रणाली निर्माण गर्दा प्रान्तीय एवं स्थानीय साशन प्रणालीमा दलितहरुको अधिकारको पूर्ण प्रत्याभूति हुने प्रावधान कायम गरिनुपर्दछ । दलितमाथि कुनैपनि स्थान र प्रकारका छुवाछूत र जातीय भेदभाव गर्न छुट दिने प्रकृतिका कुनै पनि धर्म, संस्कृति एवं परम्परालाई स्थानीय साशन प्रणालीले छुट दिन नहुने पूर्ण प्रत्याभूति संविधानमा नै व्यबस्था गरिनुपर्दछ । संबिधानसभामा दलितको सहभागिताः

९. संबिधानसभा नेपालको इतिहासमा नै पहिलो पटक हुन गईरहेको र देशका प्रत्येक बर्ग, क्षेत्र र समुदायका नागरिकले समेत आआफ्ना प्रतिनिधिहरु पठाई आफ्नो संबिधान आफै लेख्ने लोकतान्त्रिक अधिकार भएको हुँदा दलितको जनसंख्याको अनुपातमा सहभागिताको सुनिश्चित्ता गरिनुपर्दछ ।

१० संबिधानसभामा प्रतिनिधित्व गर्ने प्रत्येक समुदाय, क्षेत्र र अनुभवका सदस्यहरुले पूर्ण सहभागिता र योगदान दिने वातावरणको सुनिश्चितता गर्नुपर्दछ । जनआन्दोलनको भावना अनुरुपको सामाजिक समावेशीकरण प्राप्तीको लागि दलित समुदायका सदस्यहरुले संगै काम गर्न राजनैतिक पार्टीहरुले सहजीकरणको भूमीका निर्वाह गर्नु पर्दछ ।

११. नेपाली समाजका सबै तह र तप्काका जनताले राजनैतिक पार्टी, नागरिक समाजका संघ संस्था र ब्यक्तिगत रुपमा संबिधानसभामा आफ्ना सवालहरलाई राख्नपाउने र सोको लागि उपयुक्त समयको सुनिश्चितता गरिनु पर्दछ । दलित लगायतका समुदाय नेपालको नयाँ संबिधान निर्माणगर्न गठन हुने संबिधानसभाले अबलम्बन गर्ने नीति, नियम, बिधि एवं प्रक्रियामा पूर्ण रुपले सुसुचित एबं जनकार छन् भन्ने प्रत्याभूत गर्दै संबिधान लेख्ने क्रममा आफ्नो सार्वभौम अधिकारको प्रयोग गर्दै, समुदायको विचार, भावना र सवालहरुलाई स्वतन्त्र, निर्भिक एवं निर्भयसाथ अभिब्यक्त गर्न सक्न ब्यबस्थाको समेत प्रत्यभूति गरिनु पर्दछ । राजनीति तथा राजनैतिक दलः

१२. दलित समुदायको प्रतिनिधित्व गर्ने छुट्टै दल दर्ता गर्न वा देशमा स्थापित राजनैतिक दलमा आबद्ध भई देश, जनता र समुदायको सेवामा सक्रिय हुन पाउने दलितको राजनैतिक अधिकार लाई संबिधानले संरक्षित गर्नु पर्दछ । प्रत्येक राजनैतिक दलमा कम्तिमा २० प्रतिशत दलितलाई सहभागिता हुने संबिधानमा नै स्पष्ट उल्लेख गर्नुपर्दछ ।

१३. राष्ट्रिय राजनैतिक पार्टीका सबै तह र निकायमा दलित समुदाय को समानुपातिक सहभागिता, प्रतिनिधित्व र पहुँचका लागि भावी संबिधानमा नै स्पष्ट उल्लेख गरी दलितको राजनैतिक पार्टीमा सहभागिताको संबैधानिक सुनिश्चितता गरिनुपर्दछ ।

१४. राजनैतिक दलका सबै तहका नेता तथा कार्यकर्ताहरुका लागि जातीय छुवाछूत तथा भेदभाव विरुद्ध आचारसंहिताको निर्माण गरी प्रभावकारी रुपमा लागू गरिने संबैधानिक ब्यबस्था गरिनुपर्दछ । अर्थ व्यबस्था तथा रोजगारीःको अवसरः

१५. आर्थिक नीतिले दलितहरुको कामलाई देशको अर्थनीतिसंग गाँसेर हेरेको छैन, नत उनीहरुको पेशालाई सम्बर्द्धन, प्रवर्द्धन र अधुनिकीकरण गर्ने कुनै नीति कार्यक्रम र योजनाहरु बनेकाछन् । आर्थिक संरचनामा विद्यमान सामाजिक, आर्थिक तथा सैद्धान्तिक व्यवधानहरुले दलित समुदायको सहभागितालाई सिमित वनाएका छन् । कुनै सामाजिक आर्थिक सुरक्षा छैन । जसले दलित समुदायको पेशा र ब्यवसाय रोज्नबाट बंचित भएका छन् । त्यसैले दलित समुदायको सर्वाङ्गिण विकास तथा सशक्तिकरणको लागि आर्थिक अधिकार सुनिश्चित गर्नु आवश्यक छ । आर्थिक क्षेत्रमा दलित समुदायको पहुँचका लागि आर्थिक अग्राधिकारको प्रत्याभूत गर्ने संबिधानमा व्यबस्था हुनुपर्दछ ।

१६. क्रान्तिकारी भूमिसुधारमार्फत भूमिहीन दलितहरुको जमिनमाथिको स्वामित्व सुनिश्चित गरिनुपर्छ । बिशेष गरी हलियाहरुलाई पुनर्स्थापना गर्नका लागि उपयुक्त नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ ।

१७. रोजगारी र पेशा छान्न पाउने अधिकारलाईलाई संबिधानमा नै समाबेश गरि सो को पूर्ण सुनिश्चितताको लागि राज्यले आबश्यक र उपयुक्त कदम चाल्नु पर्दछ । दलितका परम्परागत पेशासंग सम्बन्धित उद्योग व्यवसायमा उनीहरुलाई अग्राधिकार दिइनुपर्छ ।

१८. बिकासको अधिकारको लाई राज्यले संबेदनशील रुपमा आत्मसात गर्नु पर्दछ जसकालागि भोट हालिएको हो।

१९ खान पाउने अधिकार मानिसको बाँच्न पाउने अधिकारसंग सम्बन्धित छ । यी दुबै अधिकारलाई संबिधानले मौलिक अधिकारको रुपमा दलित समुदायको खाद्य सुरक्षाको प्रत्याभूत गर्नुपर्दछ ।

२०. दलित समुदायको सीप तथा पेशाको आधुनिकीकरण गर्दै लघु उद्योगहरुको स्थापना र दलित समुदायलाई व्यबसाय प्रवर्द्ध गर्न सरकारी अनुदान र सहज रुपमा विना धितो ऋणको व्यबस्था गरी उत्पादित सामानहरुको बजार व्यवस्थापनको सुनिश्चित गरिनुपर्दछ । साथै दलित समुदायलाई लघुबित्त कार्यक्रममा सहज पुहुचको सुनिश्चितता गरिनु पर्दछ ।

२१ सामन्ती भू-उत्पादन सम्बन्धले निर्धारण गरेका श्रम शोषणका रुपहरुः हलिया, कमैया, हरुवा, चरुवा, बालीघरे, डोली, भुँड, सिनो खाने तथा फ्याँक्ने, बेठबेगारी, कम्लरी प्रथा र मधेशमा रहेको चौकीदारी प्रथालगायतका सबै बाँधा श्रमप्रथाको उन्मूलन गरी हलिया तथा भूमिहीन दलितलाई उचित भूमि र आवासको व्यबस्था गरी सिघ्र पुनर्स्थापनाको व्यबस्था गरिनुपर्दछ ।

२२ न्याय प्रणालीमा पुनर्संरतना गरि सामन्ती भू-उत्पादन सम्बन्धसित जोडिएका घटनाहरुमा श्रम अदालतबाट सिघ्रातिसिघ्र न्यायदिलाउने व्यवस्थाको सुनिश्चितता गरिनुपर्दछ ।

२३. राज्यका विकास निर्माण तथा सामाजिक परिवर्तन सम्बन्धी सम्पूर्ण योजना राष्ट्रिय तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रमहरुले अनिवार्य रुपमा दलित समुदायलाई न्यायोचित सहभागिता गराउँनैपर्ने नीतिगत व्यवस्था गरिनुपर्दछ ।

२४. सरकारी तथा अर्धसरकारी स्तरमा सञ्चालन भएका उद्योग कलकारखानाहरुमा दलितको समानुपातिक सहभागिताको संबैधानिक सिद्धान्तको आधारमा रोजगारीको प्रत्याभूति गरिनुपर्दछ भने निजीस्तरमा सञ्चालित राष्ट्रिय स्तरका उद्योग कलकारखानाहरुमा समेत सोही अनुपातमा सहभागी गराईने सकारात्मक बिभेदको नीति राज्यले अख्तियार गर्नुपर्दछ ।

२५. एकल तथा परिवारको भरणपोषण गर्नुपर्ने दलित समुदायका महिलाहरुको विशेष रोजगारी तथा सुविधाको व्यबस्था गर्नुपर्दछ ।

२६. गरिवीको रेखामुनि रहेका अति विपन्न भनी पहिचान गरिएका वर्गभित्र पनि प्रायः सवै दलित समुदाय नै भएको तर गरिवी निवारण सम्बन्धी कार्यक्रम ती वर्ग र समुदायसम्म पुग्न नसकेकोले लक्षित वर्गमा पुर्‍याउन राज्यले प्रभावकारी नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । साथै लघुवित्त सेवामा दलित समुदायको सहज पहुँच रहने व्यबस्था गरिनुपर्दछ ।

२७. शिक्षा आर्जनगर्न दलित समुदायलाई पर्ने कठीनाईलाई ध्यानमा राखी निजामति, सेना, प्रहरी तथा शिक्षा सेवा एवं संस्थानलगायतका क्षेत्रहरुमा दर्खास्त दिने उमेद्वारहरुको उमेरको हद अन्यको भन्दा दलित समुदायको हकमा ५ बर्ष वढि कायम गर्नुपर्दछ । जातीय भेदभाव एवं छुवाछूत अन्त्यको लागि प्रभावकारी संयन्त्रहरुः

२८ छुवाछुत अपराध हो, यस्तो अपराध संबिधानको बिरुद्ध हुने भएकाले संबैधानिक रुपमा नै उन्मूलन गरिएको कुरा नयाँ संबिधानमा स्पष्ट भाषामा उल्लेख गरिनु पर्दछ ।.

२९ जातीय भेदभाव र छुवाछूतको स्पष्ट परिभाषा गरी दलित समुदायको सामाजिक, आर्थिक र राजनैतिक अवस्थालाई विष्लेषण गर्दै मौलिक हक, मानव अधिकार र सामाजिक न्यायको पूर्ण प्रत्याभूति गर्ने एक विशेष र बिस्तृत ऐनको निर्माण गरी लागू गरिनुपर्दछ ।

३० राष्ट्रिय दलित आयोगलाई अधिकार सम्पन्न संबैधानिक र समानुपातिक समावेशी आयोग

बनाईनुपर्छ ।

३१ मानवधिकारका प्रावधानहरुलाई ब्यक्ति तथा नीजि निकाय र ब्यक्ति एबं राज्यको बीचमा समेत लागू गर्ने गरि नेपालको नयाँ संबिधानले छुवाछुतको आधारमा हुने विभेदलाई सार्वजनिक स्थलमा मात्र नभई ब्यापारीक तथा नीजि क्षेत्रहरु जस्तै रोजगारी, आवास तथा सबै प्रकारका सेवामा समेत पूर्ण निषेध गर्नु पर्दछ ।

३२. छुवाछुत सम्बन्धि दण्डहीनताको अन्त्यको प्रभावकारी प्रवधानको सुनिश्चित गरी छुवाछूत लाई राज्य विरुद्धको अपराध, मानवता विरुद्धको अपराध र गम्भिर सामाजिक अपराधको रुपमा
परिभाषित गर्दै यसका अपराधीहरुलाई कडा कानूनी कार्वाहीको व्यवस्था गरि पीडितलाई अनिवार्य क्षतिपरुर्तिको ब्यबस्था गरिनु पर्दछ ।
मानव अधिकारः

३३. मानव अधिकारको विश्वब्यापी घोषणापत्र १९४८ ले सबै मानिसको आधारभूत मानव अधिकारको प्रत्याभूति अन्तर्राष्ट्रिय स्तरमा नै गरेको छ भने नेपालको अन्तरिम संबिधानले जातीय भेदभाव र छुवाछूतको व्यबहारलाई निषेध र क्षतिपूर्तिसहितको दण्डात्मक व्यबस्था गरेकोले सिद्धान्ततः दलितका मौलिक हकको संरक्षण गर्न खोजेको देखिएको हुँदा दलित समुदाय सबै अधिकारका हकदार छन् भन्ने देखिन्छ । तर बिगतको अनुभवलाई हेर्दा दलितको हकमा यी अधिकारहरुको कार्यान्वयन र उपभोग समाजको व्यबहार र प्रवृत्तिसंग जोडिने गरेकोले अब उप्रान्त सामाजिक मूल्य र मान्यताको नाममा दलित समुदायको मौलिक हक र मानव अधिकारको हनन् नहुने सुनिश्चित्ता संबिधानमा नै गरिनुपर्दछ ।

३४ भावी संबिधानले जातिय बिभेदको पूर्ण अन्त्यको घोषणामात्र नभई दलित लगायत पीछडीएका समुदायको लागि सकारात्मक बिभेदकोनीति प्रबद्धन एबं लागू गरिने राज्यको कर्तब्यको रुपमा स्पस्ट भाषामा उल्लेख गरिनुपर्दछ ।

३५. नेपालले निजीकरण तथा उदारीकरणको नीति लिईरहेको बर्तमान परिप्रेक्षमा नागरिकका मौलिक हक तथा मानवअधिकारको सुनिश्चितगर्ने कार्य ब्यक्ति वा समुदाय र राज्यकोबीचमा मात्र नभई ब्यक्ति ब्यक्ति, ब्यपारीक तथा निजीक्षेत्र, गैह्रसरकारी संस्थाहरु तथा अन्तर्राष्ट्रिय संस्थाहरु समेतले लागू गर्नुपर्ने प्रावधान संबिधानमा स्पष्ट गरिनुपर्दछ । शिक्षा तथा स्वास्थ्यको अधिकार

३६. शिक्षा, स्वास्थ्य, खाद्यन्न, आवास र सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई संबिधानमा नै
सामाजिक तथा आर्थिक अधिकारको रुपमा समावेश गरिनुपर्दछ । राज्यले आफ्नो दायित्व निर्वाह गर्दा दलित समुदायलाई पहिलो प्राथमिकता दिनुपर्दछ । यी अधिकारहरु अदालतबाट लागू गर्न सकिने समेत हुनुपर्दछ ।

३७. अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र जो नेपाल पक्ष राष्ट्र हो मा उल्लेखित शैक्षिक अधिकार प्राप्तीको लागी प्राथमिक तहदेखि उच्च शिक्षासम्म र बैदेशिक छात्रबृतिमा समेत दलित समुदायका विद्यार्थीलाई समुचित छात्रवृत्तिसहित निःशुल्क, गुणस्तरीय एवं अनिवार्य शिक्षाको व्यबस्था गरिनुपर्दछ ।

३८. बिभेदजन्य शिक्षा प्रणाली र प्रवृत्तिमा आमूल परिवर्तन गरी हरेक निजी तथा सरकारी विद्यालय तथा क्याम्पसहरुमा दलित समुदायबाट शिक्षिका अनिवार्य रुपमा नियुक्ति गर्ने व्यबस्था गरिनुपर्दछ ।

३९. निजी स्तरबाट सञ्चालित विद्यालय, उच्च माध्यामिक विद्यालय र क्याम्पसहरुमा दलित विद्यार्थीहरुलाई निःशुल्क पठनपाठनको व्यबस्था मिलाउन समानुपातिक रुपमा छात्रवृत्ति दिने व्यबस्थाको सुनिश्चित्ता सरकारले गर्नुपर्दछ ।

४०. विद्यार्थीलाई कक्षा कोठा तथा कोठाबाहिर जातीय आधारमा गरिने भेदभावले उनीहरुको मौलिक हक तथा मानव अधिकारको हनन् हो त्यस्ता कार्यमा संलग्न तथा प्रोत्साहन गर्नेलाई कडा भन्दा कडा सजायँ गरिनुपर्दछ साथै प्राथमिक तहदेखि उच्च शिक्षासम्मका पाठ्यक्रममा रहेका बिभेदजन्य शब्द, भाषा, कथा आदि तत्काल खारेज गर्नुपर्दछ ।

४१. स्वास्थ्य सेवाका कर्मचारी तथा डाक्टरहरुबाट जातीय आधारमा समान व्यबहार नगरिनु वा गर्न अस्वीकार गर्नु स्वास्थ्य सम्बन्धी अधिकार घोर उलंघन हुने भएकोले त्यस्ता घटनालाई प्रश्रय दिने तथा व्यबहारमा ल्याउने स्वास्थ्यकर्मी एवं प्रशाासकहरुलाई कडा कानूनी कर्वाही गर्ने व्यबस्था गर्नुपर्दछ ।

४२. जनताकोलागि उपलब्ध हुनुपर्ने वा उपलब्धभएको पिउने पानीको स्रोतकोपहुँचलाई जातीयबिभेदका आधारमा अस्वीकार गरिए दलित समुदायको पानी सम्बन्धी अधिकार तथा मौलिक एवं मानव अधिकार दुबैको घोर उलंघन भएको मानी त्यस्ता कार्यमा संलग्न हुने वा प्रोत्साहन गर्नेलाई कडा भन्दा कडा कानूनी कार्बाही गर्ने साथै दलित र गैह्र दलितलाई अलगअलग धारा, पँधेरा निर्माण र प्रयोगलाई दण्डनीय गरिनु पर्दछ ।

४३. स्वास्थ्य सेवाको निजीकरणलाई रोकी स्वास्थ्य सेवालाई मौलिक अधिकारका रुपमा स्थापित गरी दलित समुदायको स्वास्थ्य सेवामाथिको पहुँच सुनिश्चित गरिनुपर्दछ । साथै दलित समुदायका लागि राज्यबाट निःशुल्क औषधोपचारको लागि विशेष कार्डको समेत लागू गर्नुपर्दछ । सामाजिक, धार्मिक एवं सांस्कृतिकः अधिकार

४४. आफूले स्वतन्त्र रुपमा रोजेको ब्यक्तिसंग विवाह गर्न पाउने अधिकारको प्रत्याभूति संबिधानले गर्नुपर्दछ । जातीय बिभेदका आधारमा कसैलाई विवाह बन्धनबाट रोकेमा ब्यक्तिगत स्वतन्त्रता अपहरणकारीको रुपमा कडा दण्ड सजायँको भागीदार बनाईनुपर्दछ । स्वतन्त्रतापूर्वक बरबधु छान्न र विवाह गर्न पाउने अधिकारलाई कुन्ठीत गर्ने ऐन, कानून तथा नीतिनियमहरु त्था मूल्यमान्यताको पूर्ण रुपमा खारेज गर्नुपर्दछ ।

४५. नेपाली समाजमा विद्यमान दाईजोप्रथा (दहेज), बुर्काप्रथा, छाउपडीप्रथा, बालविवाह, बहुविवाह, अनमेल विवाह जस्ता कुप्रथाहरुको पूर्ण अन्त्यको सुनिश्चितता गरिनुपर्दछ ।

४६. जातीयआधारमा कुनै ब्यक्तिलाई आफूले आस्था र विश्वास गरेको पबित्र धार्मिक स्थल तथा निजी स्थानमा सञ्चालित सामूहिक धार्मिक एवं सामाजिक कार्यहरुमा प्रवेश र कृत्य गर्नबाट रोक्नु र रोक्न प्रोत्साहन गर्नु धार्मिक अधिकार, धर्मनिरपेक्षता र बिनाभेदभाव सम्मानपूर्वक बाँच्न पाउने अधिकार समेतकोको बर्खिलाप भएकोहुँदा त्यस्ता ब्यक्तिलाई कडा कानूनी कार्बाही गरिनेब्यबस्था गरिनुपर्दछ ।

४७ दलित समुदायको सांस्कृतिक सम्पदा (विशेष गरी मधेशका दलित) लाई मान्यता प्रदान गर्ने र त्यस्ता समुदायका भाषा, संस्कृति र कलात्मक सम्पदाको संरक्षण तथा प्रबर्द्धन गर्न प्रभावकारी कदम चालिनुपर्दछ । कानून, न्याय तथा निष्पक्ष प्रशासनः

४८. न्याय प्रणाली र प्रशासनलाई अनिवार्य रुपमा पुनर्संरचना गरी न्यायाधीश, कानून व्यबसायी, सरकारी वकिल तथा न्यायालयमा कार्यरत कर्मचारीहरुलाई जातीय बिभेद र छुवाछूतजन्य व्यबहारका विरुद्धमा सचेत र संबेदनशील हुन उपयु क्त तालिम तथा अभिमूखीकरणको व्यबस्था गर्नुपर्दछ ।

४९. दलित समुदायको लागि निःशुल्क कानूनी उपचार पाउने अधिकारको प्रत्याभूत गर्न प्रत्येक अदालतमा कानूनी सहायता इकाईको व्यबस्था गरिनुपर्दछ ।

५० हरेक न्यायिक तथा अर्धन्यायिक निकायमा दलित सम्बन्धि मुद्धाहेर्नै न्यायधिशलाई बिशेष तालिमको ब्यबस्था गरिनुपर्छ र सो सम्बन्धि मुद्धाहरु बिशेष अदालत ऐन अनुरुप ति तालिम प्राप्त ब्यक्तिबाट मात्र हेरिने ब्यबस्थाको सुनिश्चितता गरिनु पर्दछ ।

५१. सबै नागरिकलाई निष्पक्ष प्रशासनको संबैधानिक अधिकार भएअनुरुप दलित समुदायका व्यक्तिहरुलाई प्रत्येक सरकारी, अर्धसरकारी, निजी एवं राष्ट्रिय तथा अन्तर्राष्टिय गैह्र सरकारी संस्था तथा निकायमा कार्य रत कर्मचारीबाट समानरुपमा मर्यादित व्यबहारको हकदार हुने प्रत्याभूति गर्न आबश्यकता अनुरुप सम्भवत बिशेषज्ञहरुबाट विशेष प्रशिक्षण र आचारसंहिताको निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वियन गरिनुपर्दछ । दलित समुदायका महिलाः

५२. दलित समुदायका महिलाहरुः महिला भएको कारणले, दलित भएको कारणले र दलित महिला भएको कारणले तेहोरो भेदभावको सिकार भएकाछन् । उनिहरुले सहनु परिरहेको तेहेरो उत्पीडनलाई राज्य संयन्त्रले स्वीकार गरी सोही अनुरुपको नीति नियम निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

५३. विवाह र सम्वन्ध विच्छेदका क्रममा दलित महिलाहरुको समान सहभागिताको अधिकारको सुनिश्चित्ता गर्नुपर्दछ साथै घरेलु हिंसाबाट पूर्ण सुरक्षाको प्रत्याभूति गरिनुपर्दछ ।

५४. घरपरिवारको आर्थिक स्रोतमाथि दलित महिलाहरुको समान पहुँच र नियन्त्रण सुनिश्चित हुने व्यबस्था गर्नुपर्दछ ।

५५ दलितभित्रका वादी समुदायमाथिको आर्थिक, शैक्षिक, सामाजिक तथा सांस्कृतिक उत्पीडनको समूल अन्त्य गरिनुपर्दछ । साथै वादी आन्दोलन र सरकारबीच भएको सम्झौता तत्काल कार्यान्वयन गरिनुपर्दछ । मधेशी दलितः

५६. मधेशी दलितहरु दलितमा पनि सबै भन्दा पछाडि परेका समुदाय हुन् । तराई कृषिको उर्वर भूमि भएपनि यहाँका दलितहरुको स्वामित्वमा जमिन छैन । अधिकांश मधेशी दलित भूमिहीन छन् । नागरिकता र भूमिको दोहोरो नीतिका कारण अधिकांश मधेशी दलित समुदाय अझै पनि नागरिकताविहीन भई पाउनुपर्ने सेवा र सुविधावाट वञ्चित भएका छन् । त्यसैले मधेशी दलित समुदायका समस्या समाधान गरी राज्यका हरेक निकायमा उनीहरुको समानुपातिक सहभागिताको प्रत्याभूत गर्नुपर्दछ ।

५७. मधेशी दलितहरुमा व्याप्त रहेको भूमिहीनताको समस्यालाई तत्काल सम्बोधन गरेर उनीहरुलाई आवश्यक भूमि वितरण गरी बासको समेत प्रवन्ध राज्यले गर्नुपर्दछ ।

५८. मधेशी दलित समुदायमा रहेको विद्यमान भाषिक समस्या समाधानकालागि विशेष उपायहरुको खोजी गरिनुपर्दछ ।

**सूचना तथा सञ्चारः**

५९. सरकारी स्वामित्वका सञ्चार माध्यममा दलित सवालका कार्यक्रमहरु निःशुल्क उत्पादन, प्रकाशन र प्रशारण गरिनुपर्दछ । साथै सरकारी तथा निजी स्तरका छापा तथा विद्युतीय सञ्चार माध्यमहरुमा दलितको सवाल र उनिहरुले सार्वजनिक र निजी क्षेत्रमा पुऱ्याएका योगदान र हासील गरेको उपलब्धीको उचित रुपमा प्रकाशन प्रशारण गर्नु पर्दछ । दलित समुदायलाई बर्तमान परिप्रेक्षमा सरकारी तथा नीजि प्रकाशन तथा बिद्युतिय संचार माध्यमको पहुचमा पुऱ्याउन कठीन भएमा समुदायलाई सुसुचित र शिक्षित गर्ने अवसर प्रदान गरिनु पर्दछ ।

६०. आम सञ्चारका माध्यमले विद्यमान जातीय र लिङ्गीय विभेदलाई निरत्साहीत गर्दै उक्त बिभेदको निराकण गर्ने र समानता प्रवर्द्धनका क्रियाकलापलाई अगाडि वढाउनुपर्दछ । सङ्क्रमणकालिन न्याय एवं पुनर्स्थापना:

६१. देशमा चलेको दश वर्षे सशस्त्र विद्रोहका कारण विद्रोही र राज्य दुवै पक्षवाट दलितहरु बढि प्रभावित भएका हुँदा युद्ध प्रभावित दलित समुदायको वारेमा सत्यतथ्य जानकारी प्राप्त गर्न वास्तविक अनुसन्धान गरी उनीहरुको उचित पूनर्स्थापना गरिनुपर्दछ ।

६२. द्वन्द्वको समयमा ज्यान गुमाउन पुगेका, अङ्गभङ्ग भएका दलित, बलात्कृत र यौन शो षणमा परेका दलित महिला तथा तिनका परिवारहरुलाई उचित क्षतिपूर्ति, औषधि उपचार, जीवन निर्वाह तथा मनोविमर्शको व्यबश्था गर्नुपर्दछ ।

६३. बेपत्ता पारिएका दलितहरुको उपयुक्त छानविन र सार्वजनिक गरी वेपत्ता परिवार एवं आन्तरिक विस्थापितहरुको लागि न्यायोचित क्षतिपूर्तिको व्यबस्था गरी सम्मानपूर्वक घर फर्कन सक्ने वातावरण सिर्जना गर्नुपर्दछ ।

६४. द्वन्द्वको कारण देशबाहिर तथा भित्र जोखिमपूर्ण कार्य गर्न बाध्य बनाईएका १८ वर्ष मुनिका सम्पूर्ण दलित बालबालिकाहरुलाई उद्धार गरी उनीहरुका जीवन निर्माणका लागि आवश्यक व्यबश्था गर्नुपर्दछ ।

६५. सुरक्षा निकायमा मधेशी समुदायमाथिको विभेद तुरुन्त हटाई मधेशी दलितको नेपाल प्रहरी, नेपाली सेना, शसस्त्र प्रहरी तथा निजामति सेवामा समेत समानुपातिक सहभागिताको लागि कोटा निर्धारण गरी लागू गरिनुपर्दछ ।

**निष्कर्ष:**

यो बडापत्रले आम नेपाली दलित समुदायको अनुभव, दृष्टिकोण र अपेक्षाहरुलाई प्रतिविम्बित गर्दछ । हामीले हाम्रो मौनतालाई तोड्दैछौं र यस बडापत्रमार्फत हाम्रो मानवीय सम्मानको मान्यता, विभेदपूर्ण अवस्थाको अन्त्य, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक समानताका लागि सार्थक परिवर्तन एवं राज्य पुनर्संरचनाका निमित्त आग्रह गर्दछौं । हामी, यी हाम्रा मागहरु पुरा नुहन्जेलसम्म देशमा स्थायी शान्ति स्थापना हुन नसक्ने र मानव अधिकार एवं सामाजिक न्यायको प्रत्याभूति नहुने तथ्य स्मरण गराउँदै हाम्रा मागहरु पुरा नहुन्जेलसम्म हाम्रो आन्दोलन जारी रहने समेत जोडदार रुपमा घोषणा गर्दछौं ।

# मितिः २०६४ मंसिर ३०
# भाग –२
# क्षेत्रीय घोषणपत्रहरु
# डडेल्धुरा घोषण पत्र

राज्य पुनर्संरचना, संविधानसभा र संबिधान निर्माण प्रकृयामा दलित सहभागिता डडेल्धुरा घोषणा–पत्र आषाढ १, २०६४ नेपाली समाजमा विद्यमान जातीय छुवाछुत र सबै खाले विभेदहरुको समुल अन्त्य गरि समातामुलक माज निर्माण गर्ने अभिलाषाका साथ २००७ साल, २०३६, २०४२, २०४६, १० वर्षे जनयुद्ध र १९ दिने ऐतिहासिक जनआन्दोलन २०६२।०६३ मा जनसंख्याको एक चौथाइ दलित समुदायको उल्लेख्य सहभागिता रहेको स्मरण गर्दै, ऐतिहासिक जनआन्दोलन २०६२।०६३ को शक्तिबाट पुनर्स्थापित संसदले गरेको छुवाछुतमुक्त राष्ट्र घोषणा स्वागतयोग्य हुदाहुदै पनि डोटीको शैलेश्वरी लगायतका अमानवीय काण्डहरुघटेको स्मरण गर्दै उक्त घोषणा प्रभावकारी कार्यान्वयन नभएको निचोडका साथ नयाँ प्रभावकारी कानूनको आवश्यकता महशुस गर्दै, आगामी संविधान सभाको निर्वाचन पश्चात दलितहरुको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र साँस्कृतीक सवालहरुमा सम्बोधन हुने गरी राज्यको पुनर्संरचना गर्न दलितहरुका क्षेत्रगत, जातिगत र लैंगिक सवालहरुको पहिचान गरी संविधान निर्माण प्रक्रियामा दलितहरुको अर्थपुर्ण सहभागिताको सुनिश्चतता गर्नका लागि विश्व विख्यात संविधान विद् एस पाल घईको नेतृत्व र युएनडीपी अन्तर्गत संवैधानिक परामर्श सहयोग इकाइ (कास) को सहयोग तथा दलित आन्दोलनमा कार्यरत संघ संगठनहरुको आयोजनामा देशका पाँचै विकास क्षेत्र र केन्द्रिय स्तरमा व्यापक बहसको थालनी गरी राष्ट्रि य अन्तराष्ट्रिय स्तरमा दवाव सृर्जन गर्न र संविधान सभामा दलितका एजेण्डाहरु पेश गर्ने उद्देश्यले मिति २०६४/०२/३० देखि अषाढ १ गते सम्म सुदुरपश्चिमका कैलाली, डोटी, अछाम, बझाङ्ग, बाजुरा, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुरका करीव सय जनाको नेतृत्वदायी दलित अगुवाहरुको सहभागितामा आयोजित सुदुर पश्चिमाञ्चल विकास क्षेत्र स्तरीय दलित सम्मेलन बाट १७ बुँदे डडेल्धुरा घोषण पत्र जारी गर्दछौ ।

१ छुवाछत मुक्त राष्ट घोषणलाई सार्थक तुल्याउन र जातिय भेदभाव अन्त्य गर्न तत्काल “छुवाछुत अपराध निषेध तथा सजाय ऐन” जारी गरि र केन्द्र देखि जिल्ला स्तरमा कार्यान्वयन गर्नृ संयन्त्र निमार्ण गरियोस ।

२. सुदुर पश्चिम्माञ्चल क्षेत्रमा विद्यमान दास प्रथाको अवशेषको रुपमा रहेको हलिया प्रथाको संविधान सभा निर्वाचन अघि नै मूक्तिको घोषण गरि उनीहरुका नाममा रहेको ऋृण खारेज गर्ने, उनीहरु बस्दै आएको आवास स्थानिय सर्जमिनको आधारमा उनीहरुकै स्वामित्वमा कायम गरियोस, जोत्दै आएको जमिनको मोहयानी हक कायम गर्दै हलियाको सहभागिता सुनिश्चित हुने गरि अधिकार सम्पन्न “हलिया समस्या समाधान आयोग” गठन गरियोस ।

३. दलित माथि लादिएको खलिया, डोली, मागी खाने, सिनो खाने तथा फयाक्नु पर्ने जस्ता कुप्रथाहरुको अन्त्य गरि न्यायपुर्ण श्रम सम्वन्ध कायम गर्न जोडदार माग गर्दछौ ।

४. पुस्तौ देखि अमानविय जीवन विताई रहेका वादी सुदायका लागि तथ्यांक संकलन गरि यौन शो षण, नागरिकता, जातीय छुवाछुत, विभेदको अन्त्य गर्दै भूमिको न्यायिक वितरण, शिक्षा र रोजगारको ब्यावस्था, सामाजिक मर्यादा कामय हुने गरि पुर्नस्थापना सहित समानुपातिक प्रतिनिधित्व सनिश्चित गरियोस ।

५. राष्टिय जन गणना आयोग २०५८ को तथ्यांकलाई सत्य एवं तथ्य नभएको ठहर गर्दे दलित आन्दोलनमा संघर्षरत संघ संगठनहरुको अध्ययन अनुसार २५ प्रतिशत दलित रहेको दावि गर्दे सोही अनुसारको क्षतिपूर्ति सहितको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरियोस ।

६. सुदुर पश्चिमाञ्चललाई लोकतान्त्रिक संघिय राज्य प्रणलीदद्वारा अधिकार सम्पन्न गरियोस ।

७. नेपाल सरकार एवं अन्तरीम विधायिका संसद द्वारा २०६४/२/३१ गते पारित संविधानसभा प्रतिनिधि नियमावलीमा उल्लेख भए अनुसार दलितहरुका लागि ५० प्रतिशत महिला सहित १३ प्रतिशत दलितहरुकाृ समानुपातिक प्रतिनिधित्व गर्ने ब्यावस्थाको स्वागत गर्दै दलित आन्दोलनले उठाउदै आएको २० प्रतिशत दलित जनसंख्याको मागलाई सम्बोधन गर्न तथ्याङक, आर्थिक सामाजिक राजनीतिक अवस्थाको टुङ्गो लगाउन "विषेश दलित जनगणना आयोग" गठन गरियोस ।

८. यस क्षेत्रमा ९० प्रतिशत भन्दा बढी दलितहरु भूमिहिन भएकाले तत्काल भूमी अधिकार आयोग गठन गरि कन्तिकारी भुमि सुधारको सिदान्तको आधारमा भूमिको पूनः वितरण गरि दलितहरुलाई अग्रधिकार प्रदान गरियोस ।

९ समानु पातिक समावेशी सिदान्त आधारमा तत्काल अधिकार सम्पन्न राष्टिय दलित आयोग राष्टिय महिला अधिकार राष्टिय मानव अधिकार सत्य तथ्य निरुपण आयोग गठन गरियोस ।

१० यस क्षेत्रका दलित माथि हुदै आएका छाउपडी, धनखाने, बालविवाहा, बहुविवाहा यौनशोषण, अन्तरजातिय विवाहा, बादी हलिया महिलाहरु मथि हुने सबै खाले हिसा र विभेदको अन्त्य गरि क्षतिपूर्ति सहितको कानून निर्माण गरि कार्यान्वयन गरियोस ।

११ राज्यका हरेक तहमा दलित समुदायको समानुपातिक सहभागिता अग्रधिकार रहने गरि स्थानिय निकायको गठन गरियोस साथै हरेक निकायमा "दलित विकास कोष" को ब्यावस्था गरियोस जसमा ५० प्रतिशत बजेट विनियोजन गरियोस ।

१२ दलित समुदायका अति विपन्नसमुदायका परिवार र ब्याक्तिलाई राज्य र निजी क्षेत्र बाट प्रदान गरिने स्वास्थ्य उपचार, यातायात, यपभोग्य बस्तुमा कम्तिकमा २५ प्रतिशत छुट हुने गरि "विशेषाअधिकार कार्डको" ब्यास्था गरियोस ।

१३ आगामी संविधानसभाको निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणालीमा लागू गरि अलग निर्वाचन क्षेत्र निर्धारण, समानुपातिक प्रणलीमा बन्द सुची प्रणली र १७ सिटको मनोनितमा समेत सहभागिताको ग्यारन्टी गरियोस ।

१४ राजनीतिक दलहरुको आन्तरीक लोकतान्त्रिकरण गर्न जोडदार माग गर्द,हरेक पार्टीका हरेक निकायमा दलितहरुको समानुपातिक प्रतिनिधित्व ग्यान्टि हुने गरि विद्यानमै ब्यावस्था गरियोस ।

१५ सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण संञ्चार क्षेत्रमा दलितहरुको अर्थपूर्ण सहभागिता सहित दलित अधिकार सम्वन्धि निःशुल्क बिभिन्न कार्यक्रम संचालन गर्न ब्यावस्था गरियोस ।

१६ दलितहरुले तीन हजार वर्ष देखि भोग्दै आएको उत्पीडन, जातिय छुवाछुत तथा विभेदको यथार्थ छनाविन गर्न "छुवाछुत तथा विभेद छानविन आयोग" गठन गरि क्षतिपूतिको निर्धारण गरियोस ।

१७ दलितहरुको आर्थिक, सामाजिक, सास्कृतीक र राजनीतिक अधिकारको उत्पीडनको क्षतिपूर्ति, मुआब्जा वापत विषेश अधिकार सहित संबैधानिक आरक्षण को ब्यावस्था गरियोस ।

# दाङ्ग घोषणा–पत्र

समस्त राज्य पुनर्संरचना, संविधानसभा र संबिधान निर्माण प्रकृयामा दलित दाङ्ग घोषणा–पत्र शदियौंदेखिको दासतालाई तोड्दै २००७ सालको प्रजातन्त्र, २०३६ सालको जनमतसंग्रह, २०४६ सालको पुनस्थापित प्रजातन्त्र, दश बर्षे जनयुद्ध, ०६२/६३ को १९ दिने ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलनमा जीउ ज्यान अर्पण गरी मरेर पनि सधैं-सधैंका लागि अमर बनेका दीपक विश्वकर्मा, चन्द्रबहादुर बयलकोटी र सेतु विश्वकर्मालगायत वीर शहीदहरुको बलिदानको स्मरण, उच्च मूल्यांकन र श्रद्धासुमन चढाउदै उक्त महान जनआन्दोलनमा आम दलित समुदायले खेलेको भूमिका र पु-याएको योगदानको स्मरण गर्दै, महान जनआन्दोलन २ मार्फत पुनर्स्थापित प्रतिनिधिसभाले देशलाई “छुवाछूतमुक्त राष्ट्र” घोषणा र अन्तरिम संविधान २०६३ मा समेत कुनै पनि जातिय बर्गलाई जातपातका आधारमा भेदभाव र छुवाछूत गर्न नपाईने कानूनी व्यबस्था गरेको अवस्थामा समेत छुवाछूत र जातीय भेदभाव कायमै रहनुले उक्त घोषणा र बिद्यमान संबिधान र ऐन कानून अपर्याप्त रहेको ठहरका साथ भेदभाव गर्ने दोषीलाई कडा भन्दा कडा कारबाही गर्ने कानून निर्माण गर्नुपर्ने, अपमानको अध्ययन अनुसन्धान गरी क्षतिपूर्ति गराउन राष्ट्रि य स्तरमा आयोग बनाईनुपर्ने जोडदार माग राख्दै,
आसन्न संविधानसभा निर्वाचन तोकीएको मितिमानै गर्न जोडदार माग गर्दै संविधानसभा मार्फत बन्ने नया संविधानले दलितहरुको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र साँस्कृतीक सवालहरुमा न्यायोचित सम्बोधन हुने गरी राज्यको पुनर्संरचना गर्न दलितहरुका क्षेत्रगत, जातिगत र लैंगिक सवालहरुको पहिचान गरी संविधान निर्माण प्रक्रियामा दलितहरुको अर्थपुर्ण सहभागिताको सुनिश्चतता गर्नका लागि विश्व विख्यात संविधानविद् एस पाल घईको नेतृत्व र युएनडीपी अन्तर्गत संवैधानिक परामर्श सहयोग इकाईको सहयोग तथा दलित आन्दोलनमा कार्यरत संघ संगठनहरुको आयोजनामा देशका पाँचै विकास क्षेत्र र केन्द्रिय स्तरमा व्यापक बहसको थालनी गरी राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा दवाव सृजना गर्न र संविधान सभामा दलितका साझा एजेण्डाहरु पेश गर्ने उद्देश्यले श्रावण २७-२८ २०६४ मा मध्यपश्चिमका दाङ्ग, सल्यान, प्यूठान, रुकुम, रोल्पा, जाजरकोट, बाके, बर्दिया, सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, हुम्ला, डो ल्पा र मुगुका करीव पन्चानब्बे जना नेतृत्वदायी दलित अगुवाहरुको सहभागितामा आयोजित मध्य पश्चिमाञ्चल विकास क्षेत्र स्तरीय “राज्य पुनरसंरचना र संविधानसभा निर्माण प्रकृयामा दलितहरुको सहभागिता” बिषयके सम्मेलन बाट १५ बुँदे दाङ्ग घोषणपत्र जारी गर्दछौ ।

१. छुवाछूतमुक्त राष्ट्र घोषणालाई व्यबहारतः कार्यान्वयन गराउन राज्यले छुट्टै संयन्त्र निर्माण गरी पीडित पक्षलाई सामाजिक न्याय दिलाउन केन्द्र देखि जिल्ला स्तरसम्म छुट्टै अधिकार सम्पन्न निकाय गठन गरी कार्यन्वयन गरियोस् ।

२. मध्यपश्चिमाञ्चल क्षेत्रमा विद्यमान दासप्रथाको रुपमा रहेको बालीघरे प्रथा, लगि प्रथा, हलि प्रथा लगायतका कुप्रथाहरुको पूर्ण अन्त्य गर्न अधिकार सम्पन्न समस्या समाधान आयोग गठन गरेर उनिहरुलाई बैकल्पीक रोजगारिको ब्यबस्था गरियोस् । यस क्षेत्रमा ९० प्रतिशत भन्दा बढी दलितहरु भूमिहिन भएकाले तत्काल भूमी अधिकार आयोग गठन गरि कान्तिकारी भूमिसुधारको सिद्धान्तको आधारमा भूमिको पूनः वितरण न्ययोचित रुपमा गरियोस ।

३. दलितमाथि लादिएका खलिया, कोलिया, जवरजस्ती सिनो फ्याक्नुपर्ने र मागी खाने अवस्थामा पुऱ्याउने प्रथाको अन्त्य गरेर उनिहरुको आर्थिक रुपान्तरणको बैकल्पीक रणनीति तयार गरियोस् ।

४. हजारौं बर्षदेखि अमानवीय जीवन बिताईरहेका बादी समुदायका लागि तथ्यांक संकलन गरी, यौन शोषण, नागरिकता, जातीय छुवाछूत र विभे दको अन्त गर्दै उनीहरुको बैकल्पीक रोजगारीको ब्यबस्था र भुमीको न्यायिक वितरण, शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी, सामाजिक एबं मानब मर्यादासहित जनसंख्याका आधारमा हरेक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गरियोस् ।

५. २०५८ सालको जनगणनाबाट दलितहरुको तथ्यांक यथार्थपरक नभएको सन्दर्भमा दलित समुदायकोमात्र छुट्टै जनगणना गर्ने ब्यस्था गरियोस र संविधानसभा अगाडि जनगणना गर्ने सम्भावना पनि नभएको सन्दर्भमा दलित गैर सरकारी संस्थाहरुले गरेका अध्ययन तथा अनुसन्धानबाट आएको जनसंख्यालाई आधारमानी सोहीअनुरुप संविधानसभामा दलितको कम्तिमा २०% प्रतिनिधित्व गरियोस् ।

६. कर्णाली अञ्चलको चौतर्फि विकास त्यसमा पनि कर्णालीका दलितको न्यायोचित बिकासकोलागि बिशेष “कर्णली दलित विकास प्याकेज” कार्यक्रम घोषणा गरि कडाईका साथ कार्यान्वयन गरियोस् ।

७. राष्ट्रि य योजना आयोग, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग जस्ता संवैधानिक निकायहरुमा दलितहरुको समानुपातिक निर्णायक प्रतिनिधित्व सुनिश्चित गरियोस् साथै राट्रिय दलित आयोग लाई स्वायत्त, अधिकार सम्पन्न संबै धानिक आयोग बनाईयोस ।

८. मध्यपश्चिमाञ्चल बिकास क्षेत्रका दलितमाथि हुदै आएका छाउपडी, बाल विवाह, बहुविवाह, यौन शोषण, अन्तरजातीय विवाह, बादी महिलामाथि हुने सवै खाले हिंसा र विभेदको अन्त्य गरी क्षतिपूर्ति सहितको कानून निर्माण गरी कार्यान्वयन गरियोस् ।

९. राज्यका हरेक निर्णायक तहमा दलित समुदायको समानुपातिक सहभागिता अग्राधिकार रहने गरी स्थानिय निकायको गठन गरियोस्, साथै हरेक निकायमा “दलित विकास कोष” को व्यबस्था गरियोस् जसमा उचित बजेट विनियोजन गरियोस् ।

१०. दलित समुदायका अति विपन्न समुदायका परिवार र व्यक्तिलाई राज्य र निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य उपचार, यातायात, उपभोग्य बस्तुमा कम्तिमा २५ प्रतिशत छुट हुने गरी “विशेषाधिकार कार्ड” को व्यबस्था गरियोस् ।

११. आगामी संविधानसभाको निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणालीमा लागु हुने गरी अलग निर्वाचन क्षेत्र निर्धारण, समानुपातिक प्रणालीमा बहुमतिय निर्वाचन, समानुपातिक निर्वाचन प्रणाली र १७ सिटको मनोनितमा समेत समानुपातिक प्रतिनिधित्वको आधारमा सहभागिताको ग्यारेन्टी गरियोस् ।

१२. राजनीतिक दलहरुको आन्तरिक लोकतान्त्रिकरण गर्न जोडदार माग गर्दै हरेक पार्टीका हरेक निकायमा दलितहरुको समानुपातिक प्रतिनिधित्व ग्यारेन्टी हुने गरी पार्टीका विधानमै व्यबस्था गर्ने नीति लागू गरियोस् ।

१३. सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण सञ्चार क्षेत्रमा दलितहरुको समानुपातिक निर्णायक सहभागिता गरि दलित अधिकार सम्बन्धी विभिन्न कार्यक्रम निःशुल्क संचालन गर्ने व्यबस्था गरियोस् ।

१४. दलितहरुको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक अधिकारको गयारेन्टी गर्न र उत्पीडनको क्षेतिपूर्ति एबं मुआब्जावापत विशेष अधिकारसहित संवैधानिक आरक्षणको व्यबस्था गरी लागु गरियोस् ।

१५ शदियौंदेखिको सामन्तबादी सोच र पुरातनबादी चिन्तनमा परिवर्तन ल्याई सवै मानव एकै हुन् भन्ने खालको आधुनिक चिन्तनको विजारोपण गर्न सरकारी स्तरबाट पहल गरियोस् ।

# राज्य पुनर्संरचना, संविधानसभा र संविधान निर्माण प्रकृयामा दलित सहभागिता
# पोखरा घोषणा–पत्र

बर्षौदेखि छुवाछूत र जातीय विभेदबाट जवरजस्त शिकार बनाईएका दलित समुदायको हरेक नेपाली क्रान्ति र जनआन्दोलनमा उच्च भूमिका हुँदाहुँदै पनि राज्यको मूलधारबाट पाखा पारिएका दलित समुदायको वास्तविक सम्बोधन राज्यबाट अझैपनि हुन नसकेको स्थितिप्रति गम्भीर चिन्ता प्रकट गर्दै; २००७ सालदेखि २०६२/६३ सम्मका ऐतिहासिक जनक्रान्ति जनआन्दोलन र जनयुद्धको बलमा पुनर्स्थापित प्रतिनिधिसभाले नेपाललाई छुवाछूतमुक्त एवं धर्म निरपेक्ष राष्ट्र घोषणा गरेको तथा अन्तरिम संविधान- २०६३ ले समेत कसैले कसैलाई जात-पातका आधारमा भेदभाव र छुवाछूत गर्न नपाईने व्यबस्था गरेको अवस्थामासमेत छुवाछूत र जातीय भेदभाव कायमै रहिरहेको स्थिति मध्यनजर गर्दै; छुवाछूत र जातीय विभेदबाट पूर्ण मुक्तिका लागि र जातीय विभेदका कारण सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक रुपमा अत्यन्त पछाडि पारिएका दलित समुदायको उत्थान, विकास र शसक्तिकरण गर्न र छुवाछूत तथा जातीय विभेद गर्ने दोषीलाई कडाभन्दा कडा कारबाही गर्ने कानूनको निर्माण गर्नुपर्ने, छुवाछूत र भेदभावको प्रभावकारी अनुगमन र मुल्यांकन गर्न एक उच्च स्तरीय अधिकार सम्पन्न संवैधानिक आयोगको स्थापना गर्नुपर्नेमा जोडदार माग गर्दै; घोषित मितिमा संविधानसभाको निर्वाचन गर्न माग गर्दै, संविधानसभामार्फत बन्ने नयाँ संविधानले
दलितहरुको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक र राजनीतिक सवालहरुमा न्यायोचित सम्बोधन हुने गरी राज्यको पुनर्सरचनासहितको नयाँ नेपाल निर्माण गर्न, दलितहरुको क्षेत्रगत, जातीय, लिंगिय एवं सांस्कृतिक सवालहरुको पहिचान गरी संविधान निर्माण प्रकृयामा दलितहरुको न्योचित सहभागिताको सुनिश्चितता गर्नको लागि प्रसिद्ध अन्तरराष्ट्रिय संविधानविद प्रोफेसर यशपाल घाईको सकृयतामा राष्ट्रसंघीय संवैधानिक परामर्श सहयोग इकाईलगायत विभिन्न अन्तरराष्ट्रिय सहयोग तथा दलित अभियानमा कार्यरत संघसंस्था संगठनहरुको आयोजनामा मुलुकको पाँचै विकास क्षेत्र र केन्द्रीय स्तरमा समेत उल्लेखनिय छलफल र बहसको थालनी गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा दवाव सृजना गर्न तथा संविधानसभामा दलितहरुको सारभूत प्रतिनिधित्व गराउन र दलितहरुका मुल मुद्दाहरु पेश गर्ने उद्देश्यले २०६४ भाद्र ७ र ८ गते पश्चिमाञ्चल क्षेत्रका करिव १०० जना दलित अगुवाहरुको सहभागितामा आयोजित पश्चिमाञ्चल क्षेत्र स्तरीय राज्य पुनर्संरचना र संविधानसभा निर्माण प्रकृयामा दलितहरुको सहभागिता विषयक सम्मेलनबाट १५ बुँदे पोखरा घोषणापत्र जारी गर्दछौं ।

१. दलित समुदायको २० प्रतिशत जनसंख्यालाई आधारमानी संविधानसभामा दलितहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताका लागि अन्तरिम संविधान संशोधन गरी संविधानसभाको निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यबस्था गरियोस् ।

२. यस पश्चिमाञ्चल क्षेत्रमा विद्यमान वालिघरे प्रथा, सिनो प्रथा, जस्ता सामाजिक कुप्रथाको अन्त्य गरी उनीहरुलाई बैकल्पिक रोजगारीको व्यबस्था गरियोस् । यस क्षेत्रमा अधिकांश दलितहरु भूमिहिन भएकाले भूमिको न्यायोचित वितरणका लागि तत्काल भूमि अधिकार गठन गरी क्रान्तिकारी भूमिसुधार लागु गरियोस् ।

३. राज्यको नीति निर्माण तहदेखि तल्लो निकायदेखि हरेक क्षेत्रमा दलित समुदायको जातीय जनसंख्याको आधारमा क्षतिपूर्ति स्वरुप २० प्रतिशत विशेष अधिकारसहित संवैधानिक आरक्षणको व्यबस्था गर्न जोडदार माग गर्दछौं ।

४. पश्चिमाञ्चल विकास क्षेत्रका दलितहरुमाथि हुँदै आएको वालविवाह, बहुविवाह र विभिन्न कारणबाट गरिने यौनशोषणलगायत सवैखाले हिंसा र विभेदको अन्त्य गर्न र अन्तरजातीय विवाहलाई प्रोत्साहन र संरक्षण गर्न प्रभावकारी कानून बनाइ लागु गरियोस् ।

५. राजनीतिक दलको आन्तरिक लोकतान्त्रिकरण गर्न जोडदार माग गर्दै, हरेक राजनीतिक पार्टीका विभिन्न निकायमा दलितहरुको समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुनेगरी संवैधानिक व्यबस्था गरियोस् ।

६. दलित समुदायका अति विपन्न परिवार र व्यक्तिलाई राज्य निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्योपचार, यातायात, उपभोग्य बस्तुमा कम्तिमा २५ प्रतिशत छुट हुने गरी "विशेषाधिकार

७. राज्यका हरेक निर्णायक तहमा दलित समुदायको समानुपातिक सहभागिता अग्राधिकार रहने गरी स्थानीय निकायको गठन गरियोस् र हरेक निकायमा उचित बजेटसहित "दलित विकास कोष" को व्यबस्था गरियोस् ।

८. राष्ट्रिय जनगणना आयोग २०५८ को तथ्यांकलाई सत्य एवं तथ्य नभएको ठहर गर्दै दलित आन्दोलनमा कार्यरत संघ/संस्थाहरुको अध्ययनअनुसार २० प्रतिशतभन्दा बढि रहेको दाबी गर्दै सोही अनुसार संविधानसभामा दलितहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरियोस् ।

९. प्रत्येक विद्यालयमा कम्तिमा एक एक दलित महिला र पुरुष शिक्षक नियुक्तिको व्यबस्था गरियोस् ।

१०. प्राथमिक तहदेखि उच्च शिक्षासम्म दलितलाई उचित छात्रवृत्तिसहित निशुल्क अनिवार्य शिक्षाको व्यबस्था गरियोस् ।

११. दलित समुदायको आर्थिक स्थितिको विकास गरी अन्य समुदायको जीवनस्तरमा पु¥याउन सरकारी तथा गैरसरकारी र स्वदेशी तथा बैदेशिक रोजगारीका क्षेत्रहरुमा दलित समुदायलाई पहिलो प्राथमिकता दिने नीति तर्जुमा गरी कार्यान्वयन गरियोस् ।

१२. राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग जस्ता संवैधानिक निकायहरुमा दलितहरुको समानुपातिक निर्णायक प्रतिनिधित्वको सुनिश्चितता गरियोस् साथै राष्ट्रिय दलित आयोगलाई स्वायत्त अधिकार सम्पन्न संवै धानिक आयोग बनाईयोस् ।

१३. सदियौंदेखिको सामन्तबादी सोच र यथास्थितिबादी चिन्तनमा परिवर्तन गरी मानव सवै एकै हुन् भन्ने अग्रगामी चिन्तनको विजारोपण गर्न सरकारी स्तरबाटै पहल गरियोस् ।

१४. यस पश्चिमाञ्चलक्षेत्रका दलित हक अधिकार र मुक्तिका खातिर आफ्नो जीवनको उत्सर्ग गर्ने दलित यौद्धाहरुको सम्झनामा एक स्मारक/अध्ययन प्रतिष्ठानको स्थापना गरियोस् । जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोईत समूह) द्वारा हत्या गरिएका दलित मुक्ति आन्दोलनका क्रियाशिल कपिलबस्तुका पूर्णबहादुर सुनारलाई सहिद घोषणा गरी उचित क्षतिपूर्तिको व्यबस्था गरियोस् । साथै दलित मुक्ति आन्दोलनका सम्पूर्ण घाईतेहरुलाई उचित क्षतिपूर्तिको व्यबस्था गरियोस् ।

१५. समग्र दलित अधिकारको सुनिश्चितताका लागि राज्यलाई दवाव दिन संचालित दलित आन्दोलनलाई एकिकृत एवं शसक्त ढंगले अगाडि बढाउन दलित भातृ संगठन एवं दलित संघ/संस्थाहरुलाई जोडदार आह्वान गर्दछौं ।

# राज्य पुनर्संरचना, संविधानसभा र संबिधान निर्माण प्रकृयामा दलित सहभागिता
# धरान घोषणा–पत्र

नेपाली राजनीतिक ईतिहासको विभिन्न आरोह-अवरोहमा सम्पन्न क्रान्ति, संघर्ष र आन्दोलनहरु हुँदै विश्व समुदायलाई नै आश्चर्य चकित बनाउने ऐतिहासिक जनआन्दोलन २०६२/६३ पश्चातसमेत सदियौंदेखि नेपालमा विद्यमान जातीय भेदभाव र छुवाछूतको शिकार बन्न बाध्य राज्यको एक चौथाई जनतालाई राष्ट्र विकासको मूल प्रवाहबाट जवरजस्त पाखा पारिएका दलित समुदायको वास्तविक सम्बोधन राज्यबाट अझै पनि हुन नसकेको स्थितिप्रति गम्भीर चिन्ता प्रकट गर्दै; मुलुकमा भएका राजनीतिक परिवर्तन संगसंगै सामाजिक सुधारका नाममा जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि विभिन्न रुपका कानूनहरु निर्माण भएतापनि छुवाछूत र जातीय भेदभाव कायमै रहिरहेको साथै पुर्वाञ्चलमा जातीय विभेद र छुवाछूतको स्थितिलाई हेर्दा तथाकथित उपल्ला जातिबाट भेदभावको शिकार बन्नुपरेको घटनाहरु अद्यावधि रहेको स्थितिलाई मध्येनजर गर्दै; राष्ट्रि य राजनीतिको मूलप्रवाहमा राज्यको आजसम्म सम्बोधन नगरेका दलित समुदायका ज्वलन्त सवालहरुलाई लिएर आन्दोलित दलित संघ/संगठनहरुको संयुक्त अभियानमा थप उर्जा प्रदान गर्नुपर्छ भन्ने अहम विषयलाई साझा दायित्वको रुपमा स्वीकार गर्दै; नेपाली जनताको आकांक्षा र चाहनाबमोजिम हुन लागेको राज्यको पुनर्संरचना र संविधानसभाको निर्वाचनको माध्यमबाट समावेशी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने महान राजनीतिक अभियानभित्र दलित समुदायको हक अधिकार सुनिश्चित गर्नुपर्ने सवाललाई प्रमुखताकासाथ उठाउने उद्देश्यले; संविधान निर्माण प्रकृयामा दलितहरुको न्यायोचित सहभागिताको सुनिश्चितता गर्नको लागि प्रसिद्ध अन्तर्राष्ट्रिय संविधानविद प्राध्यापक यशपाल घाई एवं राष्ट्रसंघीय संवैधानिक परामर्श सहयोग ईकाईको सहयोग र दलित अधिकारकालागि क्रियाशिल दलित संघसंस्था एवं संगठनहरुको साझा आयोजनामा मुलुकको पाँचै विकास क्षेत्र र केन्द्रीय स्तरमासमेत उल्लेखनिय छलफल र बहसको थालनी गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दवाव सृजना गर्न तथा संविधानसभामा दलितहरुको अर्थपूर्ण र न्यायोचित प्रतिनिधित्व गराउँने उद्देश्यले २०६४ भाद्र १९ र २० गते पुर्वाञ्चलका करिव १०० जना क्रियाशिल दलित अगुवाहरुको सहभागितामा आयोजित पूर्वाञ्चल विकास क्षेत्र स्तरीय राज्य पुनर्संरचना र संविधानसभा र संविधान निर्माण प्रकृयामा दलितहरुको सहभागिता विषयक सम्मेलनबाट १८ बुँदे धरान घोषणापत्र जारी गर्दछौं ।

१. दलित समुदायको २० प्रतिशत जनसंख्यालाई आधारमानी संविधानसभामा दलितहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताका लागि अन्तरिम संविधान संशोधन गरी आसन्न संविधानसभाको निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यबस्था गरियोस् ।

२. यस पूर्वाञ्चल क्षेत्रमा विद्यमान बालिघरे प्रथा, सिनो प्रथा, दहेज प्रथा जस्ता सामाजिक कुप्रथाको अन्त्य गरी उनीहरुको बैकल्पिक रोजगारीको व्यबस्था गरियोस् । यस क्षे त्रका दलितहरु भूमिहीन भएकाले भूमिको न्यायोचित वितरणको लागि तत्काल भूमि अधिकार आयोग गठन गरी क्रान्तिकारी भूमिसुधार लागु गरियोस् ।

३. दलितहरुको राजनीतिक प्रतिनिधित्व सुरक्षित गर्नको लागि छुट्टै दलित निर्वाचन क्षेत्र आरक्षित घोषणा गरियोस् ।

४. राज्यको नीति निर्माण तह तथा कार्यान्वयन गर्ने स्थानीयदेखि केन्द्रीय तहसम्म दलित समुदायका लागि जातीय जनसंख्या र क्षतिपूर्तिका आधारमा २० प्रतिशत विशेष अधिकारसहित संवैधानिक आरक्षणको व्यबस्था गर्न जोडदार माग गर्दछौं ।

५. पूर्वाञ्चल विकास क्षेत्रका दलितहरुमा विद्यमान रहेको वालविवाह, बहुविवाह, अनमेल विवाह र विभिन्न कारणबाट गरिने यौन शोषणलगायत सबैखाले हिंसा र विभेदको अन्त गर्न र अन्तरजातीय विवाहलाई प्रोत्साहन र संरक्षण गर्न प्रभावकारी कानून बनाइ लागु गरियोस् ।

६. राजनीतिक दलको आन्तरिक लोकतान्त्रिकरण गर्न जोडदार माग गर्दै हरेक राजनीतिक पार्टीका विभिन्न निकायमा दलितहरुको समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुने गरी संवैधानिक व्यबस्था गरियोस् ।

७. अव बन्ने संघीय राज्य प्रणालीमा दलितहरुको जनसंख्याको आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नका लागि संवैधानिक व्यबस्था गरियोस् ।

८. बढी मतीय निर्वाचन प्रणालीमा समेत दलित समुदायको कम्तिमा १३ प्र तिशत सिट सुनिश्चित गरियोस् ।

९. दलित समुदायका अति विपन्न परिवार र व्यक्तिलाई राज्य तथा निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्योपचार, यातायात तथा उपभोग्य बस्तुमा कम्तिमा २५ प्रतिशत छुट हुने गरी “विशेषाधिकार कार्ड”को व्यबस्था गरियोस् ।

१०. राज्यका हरेक निर्णायक तहमा दलित समुदायको समानुपातिक सहभागिता अग्राधिकार रहने गरी स्थानीय निकायको गठन गरियोस् । र हरेक निकायमा उचित बजेटसहित “दलित विकास कोष” को व्यबस्था गरियोस् ।

११. प्रत्येक विद्यालयमा कम्तिमा एक दलित महिला र एक दलित पुरुष शिक्षक नियुक्तिको व्यबस्था गरियोस् ।

१२. प्राथमिक तहदेखि उच्च शिक्षासम्म दलितलाई उचित छात्रबृत्तिसहित निशुल्क अनिवार्य शिक्षा लागु गरियोस् । डाक्टर, ईन्जिनियर, पाईलट, वैज्ञानिकलगायत प्राविधिक तथा विषयगत शिक्षामा २० प्रतिशत विशेष छात्रवृत्तिसहितको कोटाको व्यबस्था गरियोस् ।

१३. दलित समुदायको आर्थिक स्थितिको विकास गरी अन्य समुदायको जीवनस्तरमा पुऱ्याउन सरकारी तथा गैह्रसरकारी र स्वदेशी तथा बैदेशिक रोजगारीका क्षेत्रहरुमा दलित समुदायलाई पहिलो प्राथमिकता दिने नीति तर्जुमा गरी कार्यान्वयन गरियोस् ।

१४. राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग जस्ता संवैधानिक निकायहरुमा दलितहरुको समानुपातिक निर्णायक प्रतिनिधित्वको सुनिश्चितता गरियोस् । साथै राष्ट्रिय दलित आयोगलाई स्वायत्त अधिकार सम्पन्न संवै धानिक आयोग बनाईयोस् ।

१५. सदियौंदेखिको सामन्तबादी सोंच र यथास्थितिबादी चिन्तनमा परिवर्तन गरी मानव सवै एकै हुन भन्ने अग्रगामी चिन्तनको विजारोण गर्न सरकारी स्तरबाटै पहल गरियोस् ।

१६. अन्तरिम संविधान संशोधन गरी जातपातको आधारमा दलित समुदायलाई गरिने छुवाछूतको व्यबहार सार्वजनिक क्षेत्रमा मात्र नराखी जुनसुकै स्थानमा पनि छुवाछूतको व्यबहार गर्न नपाईने र गरे कम्तिमा २० बर्ष कारावास सजायँको व्यबस्था गरियोस् ।

१७. पूर्वाञ्चलका दलित समुदायको संस्कृतिको संरक्षण गर्दै तराई दलित समुदायका भाषा, सं स्कृति र कलाको संरक्षणका लागि विशेष कार्यक्रम लागु गरियोस् ।

१८. समग्र दलित अधिकारको सुनिश्चिततताका लागि राज्यलाई दबाव दिन संचालित दलित आन्दोलनलाई एकिकृत एवं सशक्त ढंगले अगाडि बढाउन दलित भातृ संगठन एवं दलित संघ/स्थाहरुलाई जोडदार आह्वान गर्दछौं ।

# राज्य पुनर्संरचना र संविधानसभा र संविधान निर्माण प्रकृयामा दलितहरुको सहभागिता
# वीरगंज घोषणा–पत्र

नेपाली ईतिहासको विभिन्न आरोह-अवरोहमा सम्पन्न क्रान्ति, संघर्ष र आन्दोलनहरु हुँदै विश्व समुदायलाई नै आश्चर्य चकित बनाउने ऐतिहासिक जनआन्दोलन २०६२/६३ पश्चातसमेत सदियौंदेखि नेपालमा विद्यमान जातीय भेदभाव र छुवाछूतको शिकार हुँदै आएको राज्यको एक चौथाई जनसंख्या ओगटेका दलित समुदायको वास्तविक समस्या र राष्ट्र विकासको मूल प्रवाहबाट पाखा पारिएका दलितहरुलाई राज्यबाट अझै पनि उनीहरुको स्थितिप्रति गम्भीर नदेखाएकोमा गम्भीर चिन्ता प्रकट गर्दै; मुलुकमा भएका राजनीतिक परिवर्तन संगसंगै सामाजिक सुधारका नाममा जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि विभिन्न कानूनहरु निर्माण भएतापनि छुवाछूत र जातीय भेदभाव कायमै रहिरहेको साथै मध्यमाञ्चलमा जातीय विभेद र छुवाछूतको स्थितिलाई हेर्दा तथाकथित उपल्ला जातिबाट भेदभावको शिकार बन्नुपरेको घटनाहरु अद्यावधि रहेको स्थितिलाई मध्येनजर गर्दै; राष्ट्रि य राजनीतिको मूलप्रवाहमा राज्यले अझैसम्म सम्बोधन नगरेको दलित समुदायको ज्वलन्त सवालहरुलाई लिएर आन्दोलित दलित संघ/संगठनहरुको संयुक्त अभियानमा थप उर्जा प्रदान गर्नुपर्छ भन्ने अहम विषयलाई साझा दायित्वको रुपमा स्वीकार गर्दै; नेपाली जनताको आकांक्षा र चाहनाबमोजिम हुन लागेको राज्यको पुनर्संरचना र संविधानसभाको निर्वाचनको माध्यमबाट समावेशी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने महान राजनीतिक अभियानभित्र दलित समुदायको हक अधिकार सुनिश्चित गर्नुपर्ने सवाललाई प्रमुखताकासाथ उठाउने उद्देश्यले; संविधान निर्माण प्रकृयामा दलितहरुको न्यायोचित सहभागिताको सुनिश्चितता गर्नको लागि प्रसिद्ध अन्तर्राष्ट्रिय संविधानविद प्राध्यापक यशपाल घाई एवं राष्ट्रसंघीय संवैधानिक परामर्श सहयोग ईकाईका सहयोग र दलित अधिकारका लागि क्रियाशिल दलित संघ-संस्था एवं संगठनहरुको साझा आयोजनामा मुलुकको पाँचै विकास क्षेत्र र केन्द्रीय स्तरमासमेत उल्लेखनिय छलफल र बहसको थालनी गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दवाव सृजना गर्न तथा संविधानसभामा दलितहरुको समानुपातीक र न्यायोचित प्रतिनिधित्व गराउँने उद्देश्यले २०६४ असोज १० र ११ गते मध्यमाञ्चलका करिव १०० जना क्रियाशिल दलित अगुवाहरुको सहभागितामा आयोजित मध्यमाञ्चल विकास क्षेत्र स्तरीय राज्य पुनर्संरचना, संविधानसभा र संविधान निर्माण प्रकृयामा दलितहरुको सहभागिता विषयक सम्मेलनबाट १८ बुँदे वीरगंज घोषणापत्र जारी गर्दछौं ।

१. दलित समुदायको २५ प्रतिशत जनसंख्यालाई आधारमानी संविधानसभामा दलितहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताका लागि अन्तरिम संविधान संशोधन गरी आसन्न संविधानसभाको निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यबस्था गरियोस् ।

२. यस मध्यमाञ्चल क्षेत्रमा विद्यमान बालिघरे प्रथा, सिनो प्रथा, दहेज प्रथा, घुम्टो प्रथा, गिर्वी ( जनाजुटी) जस्ता सामाजिक कुप्रथाको अन्त्य गरी उनीहरुको बैकल्पिक रोजगारीको व्यबस्था गरियोस् । तराई दलित भित्रका महरा समुदायले गर्दै आएको सुडेनी र र तराई दलितहरुले गर्दै आएको चौकीदारहरुलाई सरकारी निजामति सेवाको चौथो तहको मान्यता दिईयोस । साथै यस क्षेत्रका अधिकांश दलितहरु भूमिहीन भएकाले भूमिको न्यायोचित वितरणको लागि तत्काल भूमि अधिकार आयोग गठन गरी क्रान्तिकारी भूमिसुधार लागु गरियोस् ।

३. दलितहरुको राजनीतिक प्रतिनिधित्व सुरक्षित गर्नको लागि छुट्टै दलित निर्वाचन क्षेत्र आरक्षित घोषणा गरियोस् ।

४. राज्यको नीति निर्माण तह तथा कार्यान्वयन गर्ने स्थानीयदेखि केन्द्रीय तहसम्म र निजामति सेवामा दलित समुदायका लागि जातीय जनसंख्या र क्षतिपूर्तिका आधारमा २५ प्रतिशत विशेष अधिकारसहित संवैधानिक आरक्षणको व्यबस्था गर्न जोडदार माग गर्दछौं ।

५. मध्यमाञ्चल विकास क्षेत्रका दलितहरुमा विद्यमान रहेको वालविवाह, बहुविवाह, अनमेल विवाह र विभिन्न कारणबाट गरिने यौन शोषणलगायत सवैखाले हिंसा र विभेदको अन्त गर्न र अन्तरजातीय विवाहलाई प्रोत्साहन र संरक्षण गर्न प्रभावकारी कानून बनाइ लागु गरियोस् ।

६. राजनीतिक दलको आन्तरिक लोकतान्त्रिकरण गर्न जोडदार माग गर्दै हरेक राजनीतिक पार्टीका केन्द्रदेखि स्थानीय तह र पार्टीले गठन गर्ने सबै समिति र उपसमितिमा दलितहरुको समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुने गरी कम्तीमा २५ प्रतिशत संवै धानिक व्यबस्था गरियोस् ।

७. अव बन्ने संघीय राज्य प्रणालीमा दलितहरुको २५ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्नका लागि संवैधानिक व्यबस्था गरियोस् ।

८. बढी मतीय निर्वाचन प्रणालीमा समेत दलित समुदायको कम्तिमा २५ प्रतिशत सिट सुनिश्चित गरियोस् ।

९. दलित समुदायका अति विपन्न परिवार र व्यक्तिलाई राज्य तथा निजी क्षेत्रबाट प्रदान गरिने यातायात तथा उपभोग्य बस्तुमा कम्तिमा २५ प्रतिशत छुट हुने गरी "विशेषाधिकार कार्ड"को व्यबस्था गरियोस् ।

१०. दलितहरुलाई राज्यवाट प्रदान गरिने स्वास्थ्य सम्वन्धी सबै सेवा निशुल्क गरियोस ।

११. जनआन्दोलन २ मा घाईते भएका दलितहरुको अझै पुर्णरुपमा उपचार हुन नसकेकोले तत्काल उपचारको व्यवश्था गरियो स् ।

१२. हरेक गाविस र नगरपालीकामा उचित बजेटसहित "दलित विकास कोष" को स्थापना गरियोस् । गाविस र नगरपालिकामा जाने सरकारी वजेट मध्य २५ प्रतिशत दलित विकास कोषमा जाने व्यवाश्था गरियोस् ।

१३. प्रत्येक विद्यालयमा कम्तिमा एक दलित महिला र एक दलित पुरुष शिक्षक नियुक्तिको व्यबस्था गरियोस् । जिल्ला शिक्षा कार्यालयमा दलित छात्रवृत्ति वितरण समिति गठन गरियोस साथै विद्यालय व्यवश्थापन समितिमा कम्तीमा २५ प्रतिशत दलितहरुको सहभागिताको सुनिश्चीतता गरियोस ।

१४. प्राथमिक तहदेखि उच्च शिक्षासम्म दलितलाई उचित छात्रबृत्तिसहित निशुल्क अनिवार्य शिक्षा लागु गरियोस् । डाक्टर, ईन्जिनियर, पाईलट, वैज्ञानिकलगायत प्राविधिक तथा विषयगत शिक्षामा २५ प्रतिशत विशेष छात्रवृत्तिसहितको कोटाको व्यबस्था गरियोस् ।

१५. दलित समुदायको आर्थिक स्थितिको विकास गरी अन्य समुदायको जीवनस्तर सरह पुऱ्याउन सरकारी, गैह्रसरकारी र स्वदेशी तथा बैदेशिक रोजगारीका क्षेत्रहरुमा दलित समुदायलाई पहिलो प्राथमिकता दिने नीति तर्जुमा गरी कार्यान्वयन गरियोस् ।

१६. राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायत संवैधानिक अंग, निकायहरु र राजदुतहरुमा दलितहरुको समानुपातिक निर्णायक प्रतिनिधित्वको सुनिश्चितता गरियोस् । साथै राष्ट्रिय दलित आयोगलाई स्वायत्त अधिकार सम्पन्न संवैधानिक आयोग बनाईयोस् ।

१७. सदियौंदेखिको लादिएको सामन्तवादी र यथास्थितिवादी चिन्तनमा परिवर्तन गरी मानव सवै एकै हुन भन्ने अग्रगामी चिन्तनको विजारोण गर्न सरकारी स्तरबाट विषेश पहल गरियोस् ।

१८. अन्तरिम संविधान संशोधन गरी जातपातको आधारमा दलित समुदायलाई गरिने छुवाछूतको व्यबहार सार्वजनिक क्षेत्रमा मात्र नराखी जुनसुकै स्थानमा पनि छुवाछूतको व्यबहार गर्न नपाईने र गरेमा आजीवन कारावास सजायँको व्यबस्था गरियोस् ।

१९. मध्यमाञ्चलका दलित समुदायको संस्कृतिको संरक्षण गर्दै मधेशी दलित समुदायका भाषा, संस्कृति र कलाको संरक्षणका लागि विशेष कार्यक्रम लागु गरियोस् ।

२०. मध्यमाञ्चल क्षेत्रमा रहेका मन्दीरहरुलाई सरकारी गुठीमा दर्तागरी दलितहरुलाई अनिवार्य पुजारी वनाईयोस ।

२१. दलित वस्तीहरुमा व्यप्त रहेको खाने पानी, विजुली लगायतका समस्याको हल गर्नको लागि दलित वस्तीमा खाने पानी र विजुलीको निशुल्क व्यवश्था गरियोस ।

२२. राष्टिय र अन्तराष्टिय गैसस र दाताहरुले संचालन गरेको दलित सम्वन्धी परियोजना संचालन गर्दा दलितहरुको संघ संस्थालेनै गर्नु पर्ने व्यवश्था गरियोस् ।

२३. समग्र दलित अधिकारको सुनिश्चितताका लागि राज्यलाई दबाव दिन संचालित दलित आन्दोलनलाई एकिकृत एवं सशक्त ढंगले अगाडि बढाउन दलित भातृ संगठन एवं दलित संघ/संस्थाहरुलाई जोडदार आह्वान गर्दछौं ।

२४. जातीय छुवाछुतको मुद्दा हेर्नको लागि छुट्टै विषेश अदालतको व्यवश्था गरियोस् ।